# सिमकोट गाँउपालिका, हुम्ला

स्थानीय राजपत्र

खण्ड: ६ संख्या : ५ मिति: २०७९/०७/२४

भाग - २

# सिमकोट गाँउपालिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७९

## सिमकोट गाँउपालिका, हुम्ला

कार्यपालिकाबाट स्वीकृत मिति: २०७९/०७/२४
राजपत्रमा प्रकाशन मिति : २०७९/०७/२४

# सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन

# कार्यविधि, "२०७९"

प्रस्तावनाः सिमकोट गाउँपालिकामा उपयुक्त सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान संरक्षण तथा परिपुर्ती गर्न गरिविको रेखामुनी रहेका, प्रकोपका कारण घरपरिवार विहिन परिवाहरुले सुरक्षित आवास निर्माण आफैले गर्न चाहेमा जस्ता पाता सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनि रहेका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी सुरक्षित नागरिक आवास यो कार्यविधि निर्माण गरिएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१ संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि "२०७९" रहेको छ ।

(२) यो कार्यविधि सिमकोट गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२ परिभाषाः विषय वा प्रंसगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "सुरक्षित नागरिक आवास" भन्नाले आगलागि तथा हावा पानी थेग्न सक्ने गरी निर्माण गरिएका छाना बाहेक अन्य छानायुक्त आवासीय भवन सम्झनुपर्छ ।

ख) "कार्यविधि" भन्नाले सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यविधि "२०७९" लाई सम्झनुपर्छ ।

ग) "लक्षित वर्ग" भन्नाले दफा ३ बमोजिम पहिचान भएका गरिविको रेखा मुनी रहेका घरपरिवार र प्रकोपका कारण घरपरिवार विहिन भएका परिवार सम्झनुपर्छ ।

घ) "लाभग्राही" भन्नाले दफा ४ बमोजिम पहिचान गरिएका व्यक्ति वा परिवार सम्झनुपर्छ ।

ङ) "सुरक्षित नागरिक आवास समन्वय समिति" भन्नाले दफा १५ को उपदफा १ बमोजिमको समिति सम्झनुपर्छ ।

च) "स्थानिय तह" भन्नाले सिमकोट गाउँपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।

परिच्छेद-२

## लक्षित वर्गको पहिचान र छनौटका आधार

**३ लक्षित वर्गको पहिचानः** लक्षित वर्गको पहिचान देहाय बमोजिमको आधारमा गरिनेछ ।

क लाभग्राही बसोबास गर्दै आएका घरका छानाहरु आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने सामाग्रीहरुबाट छाएको

ख गरिबीको रेखामुनी रहेका आफैले सुरक्षित आवास निर्माण गर्न चाहेको तथा निर्माण गरिरहेको परिवारहरु

ग जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको प्रमाण वा बिजुली धारा वा अन्य सुविधा शुल्क बुझाएको प्रमाण

घ विगत देखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण

ङ प्रकोपका कारण घरबारविहिन भएको हकमा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय सहित सम्बन्धीत जिल्ला प्रशासन कार्यालयको सिफारिस

च गरिबिको रेखामुनी रहेका लाभग्राहीको सम्बन्धमा सम्बन्धित स्थानिय तहको सिफारिस

**४ लाभग्राहीको छनौट आधार तथा विधिः** (१) सम्बन्धित स्थानीय तहको समन्वयमा संघीय आयोजना कार्यान्यवन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाले लाभग्राही छनौट गर्ने प्रयोजनाको लागि लाभग्राहीले हाल प्रयोग गरिरहेको घरको क्षेत्रफल सामाग्री आदीको आधारमा अनुसूची १ बमोजिम अकं प्रदान गरी प्राथमिकता क्रम सहित लाभग्राहीको सूची तयार गरी सुरक्षित नागरिक आवास समन्वय समिति मा पेश गर्नु पर्नेछ ।

(२) उपदफा १ बमोजिम लाभग्राही छनौट गर्दा वृद्ध, एकल, महिला, अनाथ, बालबालिका तथा अपांगता भएका घरधुरीलाई प्राथमिकता दिईनेछ । त्यसैगरी प्रकोपका कारण घरपरिवारविहिन भएका परिवारले आवास निर्माण गर्न चाहेमा त्यस्तो परिवारलाई समेत प्राथमिकता दिईनेछ ।

(३) उपदफा १ बमोजिम बढी अक प्राप्त गर्ने र उपदफा २ बमोजिम प्राथमिकता प्राप्त गर्नेलाई सुरक्षित नागरिक आवास समन्वय समितिले क्रमैसंग लाभग्राहीको रुपमा छनौट गर्नेछ ।

(४) उपदफा ३ बमोजिम लाभग्राही छनौट गर्दा संगोलमा रहेका परिवारले एउटा आवासको लागि मात्र अनुदान रकम पाउने गरी छनौट गर्नुपर्नेछ ।

## परिच्छेद - ३

## अनुदान रकम कार्यक्रम कार्यान्वय सम्बन्धी व्यवस्था

**५ अनुदान सम्झौता र वित्तिय प्रवन्धः** (१) कार्यक्रम सचालन गर्ने निकायहरुलाई आवश्यक पर्ने कार्यक्रम संचालन खर्च नेपाल सरकारको अर्थ मन्त्रालय संग निकासा माग गरी व्यवस्थापन गरिनेछ ।

(२) सिमकोट गाउँपालिकामा छनौट भएका लाभग्राही संग अनुसूची २ बमोजिमको ढाचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची बैंकलाई उपलब्ध गराउनेछ ।

(३) सिमकोट गाउँपालिकामा छनौट भएका लाभग्राहीले बैंक खाता खोल्नुपर्नेछ र सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता लगायत निर्माण सामाग्री खरिद गर्न अनुदान बापतको रकम उपलब्ध गराउनेछ ।

(४) अनुदान रकम उपलब्ध गराउदा सिमकोट गाउँपालिका कार्यालयले पहिलो किस्ता अनुसार रकम उपलब्ध गराउने छ ।

(५) लाभग्राहिहरुलाई अनुदान रकम उपलब्ध गराउदा प्राविधिकबाट अनुसूची ३ बमोजिमको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा रकम उपलब्ध गराईने छ ।

**६ अनुदान रकम असुल उपर गराईनेः** कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराई सोही ठाउँमा प्रयोग नगरेको पाईएमा ३ महिना भित्र लाभग्राहीबाट अनुदान रकम अशुल उपर गरिनेछ ।

**७ निर्माण सम्पन्न भएको मानिनेः** स्थानिय तहको प्राविधिकबाट अनुसूची ३ बमोजिम प्रतिवेदन पेश भई स्थानिय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।

## परिच्छेद ४

## सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यक्रम समिति गठन तथा काम कर्तव्य र अधिकारः

**८ सुरक्षित नागरिक आवास समन्वय समितिः** (१) सिमकोट गाउँपालिकामा सुरक्षित नागरिक आवास कार्यक्रम समन्वय समिति देहाय बमोजिमका सुरक्षित नागरिक आवास समन्वय समिति रहने गरी समिति गठन गरिनेछ ।

| | |
|---|---|
| क सिमकोट गाउँपालिकाका प्रमुख /अध्यक्ष | संयोजक |
| ख सिमकोट गाउँपालिकाका उपप्रमुख /उपाध्यक्ष | सदस्य |

ग वडा अध्यक्ष ज्यूहरु सदस्य

घ पुर्वाधार विकास कार्यालयका प्रमुख वा प्रतिनिधि सदस्य

ङ सिमकोट गाउँपालिकाका प्रमुख प्रशासकिय अधिकृत सदस्य

च सिमकोट गाउँपालिकाका अधिकृत स्तरको प्राविधिक कर्मचारी सदस्य सचिव

२ सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक संयोजकले तोकेको मिति र समयमा आवश्यकता अनुसार बस्नेछ ।

३ सुरक्षित नागरिक आवास समन्वय समितिको बैठक सम्बन्धि कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९ <u>सुरक्षित नागरिक आवास समन्वय समितिको काम कर्तव्य र अधिकारः</u> सुरक्षित नागरिक आवास समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिबाट प्राप्त निर्देशन कार्यान्वयन गर्ने गराउने

ख सघिय आयोजना कार्यावन्यन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनाबाट पेश भएको विवरणका आधारमा केन्द्रिय सुरक्षित नागरिक आवास समन्वय समितिबाट तोकिएका गाउँपालिका भित्रका कार्यक्रम कार्यावन्यन गरिने र वडाहरुमा अधिकतम आवास सख्या तोक्ने

ग कार्यक्रम कार्यावन्यनको लागि संघिय आयोजना कार्यान्वयन एकाई वा सघन शहरी तथा भवन निर्माण आयोजनावाट प्राप्त लक्षित वर्गको सूचीबाट दफा ४ को आधारमा लाभग्राही छनौट गर्ने ।

घ कार्यक्रम कार्यान्वयका क्रममा सम्बन्धित निकायाहरु वीच समन्वय कायम गर्ने

ङ कार्यक्रमको कार्यान्वयन सम्बन्धमा अनुगमन गर्ने

च कार्यक्रम कार्यान्वयनमा देखापरेका समस्या समाधान गर्ने

छ लाभग्राहीका गुनासोहरुको व्यवस्थापन गर्ने

परिच्छेद-६

## विविध

**१० कन्टिजेन्सी खर्चको व्यवस्थाः**

**११ निर्देशन पालना गर्नुपर्नेः** सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यावन्यनको शिलसिलामा दिएको निर्देशनहरु पालना गरिनु पर्नेछ ।

**१२ विवादको समाधानः** कार्यक्रम कार्यावन्यनको सन्दर्भमा कुनै विवाद उत्पन्न भएमा सुरक्षित नागरिक आवास समन्वय समितिबाट दिईएको निर्णय मान्य हुनेछ ।

**१३ कारवाही हुनेः** अनुदान कार्यक्रमबाट लाभान्वित हुने उदेश्यले कुनै व्यक्तिले झुठ्ठा विवरण पेश गरेमाम वा त्यस्तो व्यहोरा सिफारिस गरेको ठहर हुन आएमा त्यस्ता व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

**१४ सुविधा नपाउनेः** नेपाल सरकारबाट भुकम्प पुनः निर्माण प्रकोप व्यवस्थापन वा जोखिम वस्ती स्थान्तरन जस्ता कार्यक्रमबाट लाभान्वित लाभग्राहीलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराईने छैन ।

## अनुसूची १

### लाभग्राहीहरुको छनौटका आधारहरु

| सि न | विवरण | लाभग्राहीको अवस्था | कैफियत |
|---|---|---|---|
| १ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल प्रतिव्यक्ति वर्गफिटमा | | |
| २ | घरको छानो | माटो<br>जस्ताको | |
| ३ | जग्गाको स्वामित्व | लालपुर्जा भएको वा गाउँब्लक वा सिफारिसको | |
| ४ | घरमुलीको हकमा | अति विपन्न असहाय अशक्त बृद्धा बृद्धी अनाथ बालबालिका एकल महिला जस्ता घरमुली लाभग्राही भएका | |

## अनुसूची -२

## सिमकोट गाउँपालिकाको सुरक्षित नागरिक आवास निर्माणको लागि लाभग्राही संग गरिने

## अनुदान सम्झौता पत्र

सर्वेक्षण घरधनीको क्रम संख्या:

सम्झौता क्रमागत संख्या:

गरिब तथा प्रकोप पिडित परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निर्माणका लागि

जिल्ला हुम्ला सिमकोट गाउँपालिका वडा नं गाउँ टोलको लाभग्राही श्री यस पछि प्रथम पक्ष भनिने र सिमकोट गाउँपालिका कार्यालय यस पछि दोस्रो पक्ष भनिने बीच देहाहय बमोजिमका शर्तहरुको अधिनमा रही नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम सुरक्षित नागरिक आवास निर्माण गर्न गराउन मिति २०७९ साल महिना गतेका दिन यो अनुदान सम्झौता पत्रमा सहि छाप दस्तखत गरेका छौ ।

**सम्झौताका शर्तहरु**

१ प्रथम पक्षले सुरक्षित नागरिक आवास निर्माण सम्वन्धी कार्यविधि २०७९ बमोजिम आफ्नो घर तथा परिवार गरिवि । प्रकोप पिडित भएको अवस्था ठिक साचो हो भनि सम्झौता पत्रमा उल्लेखित शर्त अनुरुप बनाउनुपर्नेछ ।

२ प्रथम पक्षबाट उल्लेखित शर्तहरु पुरा भएको अवस्थामा निम्न अनुसारको सुरक्षित नागरिक आवास निर्माण अनुदान दोस्रो पक्षले बैक मार्फत उपलब्ध गराउनेछ ।

३ दोस्रो पक्षले सुरक्षित नागरिक आवास निर्माणका लागि लिएको अनुदान अन्य प्रयोजनमा प्रयोग गर्न पाईने छैन

४ दोस्रो पक्षले प्रथम पक्षलाई अनुदान रकम उपलब्ध गराउदा नगद वा सोझै भुक्तानि दिन वा माग्न पाईने छैन । बैक मार्फत रकम भुक्तानी हुनेछ ।

५ सम्झौता मिति

६ सम्झौतामा उल्लेख नभएका अन्य कुराहंरु सिमकोट गाउपालिकाको सुरक्षित नागरिक आवास कार्यविधि २०७९ बमोजिम हुनेछ ।

| पहिलो पक्षको तर्फबाट | |
| --- | --- |
| लाभग्राहीको नामः | |
| ठेगानाः | |
| ना प नं | दाँया बायाँ |
| सम्पर्क नं | |
| दस्तखत | |

| दोस्रो पक्षको तर्फबाट |
| --- |
| नामः |
| ठेगानाः |
| दस्तखत |
| कार्यालयको छाप |

## अनुसूची-३

## दफा ७ संग सम्बन्धित

## प्राविधिक प्रतिवेदन

श्रीमा प्रमुख प्रशासकीय अधिकृत ज्यू

गाउँपालिका ।

विषयः प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।

उपरोक्त सम्बन्धमा सिमकोट गाउँपालिका वडा नं मा सुरक्षित नागरिक आवास कार्यक्रममा संचालन भएका आवास निर्माण कार्यका देहायको विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।

लाभग्राहीको नामः

लाभग्राहीक क्रमसंख्याः

लाभग्राहीको सम्झौताको क्रमसंख्याः

हालको अवस्थाः सामान साइटमा उपलब्ध भएको

कार्य सम्पन्न भएको

सिफारिसः संलग्न फोटो बमोजिम कार्य भएकोले

अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।

निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।

नोटः प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदन संग गर्ने ।

**प्रतिवेदकको**

नामः

दस्तखतः

नामथरः

पद

मितिः